“नाशोङको संमृद्धि ।

जलश्रोत, जडिवुटी, पर्यटन र संस्कृति ।।”

# नाशोङ गाउँपालिकाको प्रथम गाउँ सभामा प्रस्तुत

# आ.व. २०७४/०७५
# को
# नीति, कार्यक्रम तथा बजेट

## नाशोङ गाउँ कार्यपालिकाको कार्यालय

## धारापानी, मनाङ

२०७४ अषाढ २९ गते वुधवार

# नाशोङ गाउँपालिकाको आ.व. २०७४/०७५ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य

अध्यक्ष महोदय,

सम्पुर्ण वडाका वडाध्यक्ष ज्युहरु,

गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु,

गाउँ सभाका सदस्य ज्यूहरु

संघीयता कार्यान्वयनको मुख्य खुड्कीलोको रुपमा लिईएको स्थानीय तहको निर्वाचन पश्चात हामी यहाँ उपस्थित भएका छौ । स्थानीय तहको निर्वाचन पश्चात पहिलो गाउ सभा वस्न गईरहेकोले सर्वप्रथम त गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरुलाई हार्दिक वधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

यस ऐतिहासिक सभा समक्ष निर्वाचित जनप्रतिनिधिको हैसियतमाा नाशोङ गाउँपालिकाको आ.व. २०७४/०७५ को वार्षिक नीति, कार्यक्रम तथा वजेट पेश गर्न पाउँदा गौरवान्वित भएको छु ।

यस गरीमामय अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा सकृय भई राष्ट्रका लागि आफ्नो जीवन वलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

लामो समय सम्म जनप्रतिनिधि विहिन अवस्थामा समेत जनता प्रतिको सेवाभाव प्रस्तुत गरी जनताको विकासको चाहनाको सारथीको रुपमा भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मनाङ जिल्लाको प्रवेशद्वारको रुपमा रहेको यस नाशोङ गाउँपालिकाले समग्र मनाङ जिल्लाकै मुहार दर्शाउने भएकाले नाशोङ गाउपालिकाको योजना तर्जुमा प्रक्रिया पारदर्शी र सहभागितामूलक हुनै पर्ने हुन्छ । तसर्थ हालको संक्रमणकालिन र केहि अन्यौलको अवस्थामा

पनि आगामी आ.व.को योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी यो नीति तथा कार्यक्रम तयार गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष राख्न चाहन्छु ।

आदरणीय उपस्थित महानुभावहरु,

**आदरणीय उपस्थित महानुभावहरु,**

अव म यहाँहरू समक्ष चालु आ.व. २०७३/०७४ को हालसम्मको प्रगति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आ.व. २०७३/०७४ को लागि साविक ३ वटा गाउ विकास समितिहरुको आन्तरिक स्रोत र नेपाल सरकारबाट प्राप्त हुने अनुदान गरी जम्मा रु. १ करोड ६६ लाख १६ हजार ३०० अनुमानित आयव्यय सार्वजनिक गरिएकोमा हालसम्म रु. १ करोड ६३ लाख ६६ हजार ३०० खर्च भएको व्यहोरा निवेदन गर्न चाहन्छु । प्रतिकुल मौसमको कारण करिव ४ महिना विकास निर्माणको काम हुन नसक्ने यस क्षेत्रमा भएको उक्त प्रगति सन्तोष गर्न लायक छ । चालु आ.व.को हालसम्म भएका प्रमुख उपलब्धिमा यस प्रकार रहेका छन् ।

१) थोचे ढल निकास तथा वाटो मर्मत योजना

२) ज्येष्ठ नागरिक तथा अपाङ्ग नागरिक लक्षित कार्यक्रम

३) कृषकहरुको लागि कृषि उपकरण खरिद

४) नगो देखि क्युची सम्मको वाटो निर्माण

५) ताचै हेल्थपोष्टमा अक्सिजन सेटलमेन्ट सामाग्री खरिद

६) ताचै गाउँमा छपनी विछ्याउने कार्य

७) विभिन्न गुम्वा मर्मत, सास्कृतिक प्रवद्धन तथा तालिम कार्यक्रमहरु

**आदरणीय महानुभावहरु,**

अव, म आगामी आ.व. २०७४/७५ का लागि योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७४/७५ को गाउँपालिकाको योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरू, आवधिक योजनाका नीति, रणनीति र प्राथमिकताहरु, स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लगायत विभिन्न मन्त्रालयवाट प्राप्त मार्गदर्शनलाई मुख्य आधार बनाइएको छ ।

**नाशोङ गाउँपालिकाले आ.व. ०७४/७५ का लागि लिएका मुख्य मुख्य नीतिहरुः**

**१) भौतिक पूर्वाधार विकास तर्फ**

- वडास्तरीय भेलावाट प्राप्त आयोजनाहरु, क्रमागत तथा अधुरा योजनाहरु र दुई वा दुईभन्दा वढी वडाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई छनौट गरिएको छ ।
- पर्यटकीय पदमार्ग तथा हालसम्म वाटो नपुगेका वस्तीलाई जोड्ने वाटो (लिङ्क रोड) निर्माणलाई प्राथमिकता दिईएको छ । जनताको दैनिकी प्रवाभित हुने वाटो तथा पुल निर्माणलाई प्राथमिकतामा राखिएको छ ।
- विद्यालय भवन मर्मत कार्यलाई प्राथमिकता दिईएको छ ।
- गाउपालिका भित्र सञ्चालित साना एवं लघु जलविद्युत योजनाहरुको समयमै मर्मत गरी विद्युत अवरोध हुन नदिने तर्फ ध्यान दिईएको छ । साथै नयाँ साना विद्युत योजना सञ्चालन गर्न वैकल्पिक उर्जा लगायतका निकायहरुसगँ कार्यकार्य गर्ने नीति

लिईएको छ । विद्युत लाईन विस्तार तथा मर्मत सुधार कार्यलाई समेत प्राथमिकतामा राखिएको छ ।

**२) आर्थिक विकास तर्फ**

- पर्यटनलाई नाशोङ गाउपालिकाको आर्थिक विकासको मुल आधारको रुपमा लिईएको छ । मुख्य पर्यटक ट्रेकिङ रुट यथाशिघ्र मर्मत गरिनेछ । नयाँ ट्रेकिङ रुटको पहिचान गर्न आवश्यक पहल गरिनेछ ।
- सिमित कृषि भूमिको उच्चतम उपयोग गर्न कृषि प्राविधिकहरुलाई गाउँपालिका अन्तर्गत रहि परिचालन गरिनेछ ।

**३) सामाजिक विकास तर्फः**

- नाशोङ गाउँपालिका भित्रका विद्यालयहरुलाई आवश्यकताको आधारमा शैक्षिक सामाग्री उपलव्ध गराई गुणस्तरीय शिक्षाको जग वसाईनेछ । विद्यालयहरुलाई सूचना प्रविधि मैत्री वनाउन नमूनाको रुपमा कम्प्युटर हस्तान्तरण कार्यक्रम समावेश गरिएकोछ ।
- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेवकले पुऱ्याएको योगदानको कदर गर्दै निजहरुलाई प्रोत्साहित गरिने नीति लिईएको छ ।
- स्वास्थ्य संस्थाहरुलाई औषधिको अभाव हुन नदिन आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- सवै नागरिकलाई स्वच्छ खानेपानी उपलव्ध गराउने नीति लिईएको छ ।
- स्थानीय भाषा र संस्कृतिको सम्वद्धन गर्ने, धार्मिक संघ संस्थाको संरक्षण गर्ने नीति लिईएको छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवद्धन गर्न महिला, वालवालिका, दलित, आदिवासी जनजाति, युवा, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको

सशक्तीकरण र मूलप्रवाहीकरण गर्न आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरू सरोकारवाला निकायसंगको साझेदारी र सहकार्यमा संचालन गरिनेछ ।

- लक्षित समुदायलाई योजना प्रक्रियामा अर्थपूर्ण सहभागी गराई उनीहरुको क्षमता तथा आर्थिक विकासका लागि जीविकोपार्जन सुधार, पहुँच अभिबृद्धि एवं शसक्तीकरण कार्यक्रमलाई वढावा दिईनेछ ।

**४) वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

- ढल तथा फोहोर मैला व्यवस्थापनलाई प्रभावकारी वनाइने नीति लिईनेछ । सोको लागि वडा स्तरीय समितिवाट मागभएको वजेट विनियोजन गरिएको छ ।
- जलउत्पन्न प्रकोप न्यूनिकरण गर्न सरोकारवाला संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ । तत्काल नदी कटान रोक्न आवश्यक रकमको व्यवस्था गरिएको छ ।
- विपद्वाट हुने क्षति न्यूनिकरण गर्न विपद् व्यवस्थापनसँग सम्वन्धित आवश्यक सामाग्रीहरुको जगेडा राखिनेछ ।

**५) संस्थागत विकास,सेवा प्रवाह र सुशासनः**

- सेवा प्रवाहलाई सुचना प्रविधि मैत्री वनाईनेछ । वेभसाईट निर्माण गरी गाउपालिकावाट प्रवाह हुने सेवाहरु तथा गाउँपालिकाका निर्णयहरु सार्वजनिक गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउन सुचना प्रविधिको उपयोग गरिनेछ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको फोटो सहितको विवरण सफ्टवेयर वनाई अपलोड गरिनेछ ।
- पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीमा आवद्ध गरिनेछ ।

- गाउपालिकाको पार्श्वचित्र, श्रोत नक्सा र विकास गतिविधि सम्वन्धी समेटिएको वृत्तचित्र निर्माण गरी गाउँपालिकाको वास्तविक दर्पण जानकारी गराईनेछ ।
- पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकासमा जोड दिईनेछ । सोको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- सेवा प्रवाहमा सहजता ल्याउन गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई फर्निचर, कम्प्युटर तथा मेसिन औजारले सुसज्जित जस्तो सुकै अवस्थामा पनि सेवा प्रवाह गर्न सकिने अवस्था कायम गरिनेछ ।

**६) आन्तरिक आय र राजश्व परिचालनतर्फ**

- दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्द्धन सम्भव छैन । गाउँपालिका घोषणासगै राजस्वका क्षेत्र पहिचान गरि दायरा विस्तार गर्ने प्रयास गरिएको छ । साथै साविकका स्थानीय निकायले लगाउदै आएका सेवा शुल्क र दस्तुरको दरमा सामान्य परिमार्जन गरिएको छ ।
- प्राकृतिक स्रोतको उपयोग र निकासीमा वढ्दो चुहावट नियन्त्रण गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरिनेछ । स्थानीय समुदाय एवं स्थानीय प्रशासन, सुरक्षा निकायसँगको सहकार्यमा अनुगमनलाई तिव्रता दिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- आत्म निर्भर गाउँपालिकाको सोच अनुरुप वढी भन्दा वढी आन्तरिक राजस्व परिचालन गर्न स्वघोषणामा आधारित कर निर्धारण पद्धति अवलम्वन गरिनेछ । नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी वोध गराउन जोड दिईनेछ ।

**आदरणीय महानुभावहरु**

अव म आगामी आ.व. ०७४/७५ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

- आगामी आ.ब.को बजेट करिब १५ करोड ३० लाख ४० हजारको हुनसक्ने अनुमान गरिएको छ ।
- आगामी आ.व.मा २ वटा पर्यटक पदमार्गको लागि रु २४ लाख विनियोजन गरिएको छ ।
- शिक्षा क्षेत्रको लागि नेपाल सरकारवाट प्राप्त सशर्त अनुदान तर्फ रु. ३ करोड ४७ लाख ६० हजार र वित्तिय समानिकरण अनुदानवाट रु ८ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।
- स्वास्थ्य क्षेत्रको लागि नेपाल सरकारवाट प्राप्त सशर्त अनुदान तर्फ रु ६८ लाख ९६ हजार र वित्तिय समानीकरण अनुदान तर्फ रु २ लाख ८० हजार रकम विनियोजन गरिएको छ ।
- ग्रामीण खानेपानी तर्फ ५ वटा योजना/कार्यक्रमहरुको लागि रु ३३ लाख विनियोजन गरिएको छ ।
- संस्कृति प्रवर्द्धनको लागि रु ३५ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।
- खेलकुद र मनोरञ्जनको लागि रु १४ लाख तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ रु ३७ लाख २० हजार विनियोजना गरिएको छ ।
- स्थानीय सडक पूर्वाधार निर्माणको लागि वजेटको मुख्य अंश खर्चको प्रस्ताव गरिएको छ । सो को लागि रु १ करोड ८९ लाख २५ हजार विनियोजन गरिएको छ । त्यस्तै भवन तथा सहरी विकास तर्फ रु १ करोड ३१ लाख ८० हजार रकम विनियोजन प्रस्ताव गरिएको छ ।
- उर्जा क्षेत्रको लागि रु ६५ लाख ५० हजार रकम प्रस्ताव गरिएको छ ।
- फोहोरमैला तथा ढल व्यवस्थापनको लागि रु ७० लाख ५० हजार, जलउत्पन्न प्रकोप नियन्त्रणको लागि रु १७ लाख ४० हजार र विपद्वाट हुनसक्ने क्षति न्यूनीकरण गर्न

आवश्यक सामाग्री खरिदको लागि रु १ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।

- सुशासनलाई मूर्त रुप दिन गाउँपालिकावाट प्रवाह हुने सेवालाई अनलाईन मार्फत प्रवाह हुने व्यवस्थाको लागि वेवसाईट निर्माण, कम्प्युटर, आदि सामान खरिद तथा विभिन्न सफ्टवेयर निर्माणको लागि रु १७ लाख ४१ हजार विनियोजन गरिएको छ । त्यस्तै स्थाननीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापनको लागि ६ लाख ७८ हजार रकम विनियोजन गरिएको छ ।
- सुशासन प्रवर्द्धनको लागि आवधिक समिक्षा गोष्ठी तथा सार्वजनिक सुनुवाई, अन्तरक्रिया, छलफल आदिको लागि ३ लाख विनियोजन गरिएको छ ।

**आदरणीय महानुभावहरू,**

अब म आगामी आर्थिक वर्ष २०७४/०७५ को लागि कूल आय व्यय अनुमान प्रस्तुत गर्दछु ।

गाउँपालिकाको आन्तरिक स्रोत र अन्तरनिकाय वित्तिय हस्तान्तरण अनुदान समेत गरी सामाजिक सुरक्षा रकम बाहेकको गाउँपालिकाको कुल बजेट रु. १४ करोड ९० लाख १७ हजार रहेको छ ।

**आ.व. २०७४/०७५ को लागि नाशोङ गाउपालिकाको प्रस्तावित बजेट देहाय बमोजिम रहेको छ ।**

# आ.ब. २०७४।७५ को आय अनुमान

(रकम ००० मा )

| शीर्षक | | आ.व.२०७२/७३ को यथार्थ | आ.व.२०७३/७४ को संशोधित अनुमान | आ.व.२०७४/७५ को लक्ष्य |
|---|---|---|---|---|
| **राजस्वः** | | | | |
| | **आन्तरिक राजस्वः** | | | |
| | घर जग्गा कर | | | १०० |
| | घरबहाल कर | | | १०० |
| | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | | १० | ७० |
| | व्यवसाय कर | | | ३०० |
| | भूमिकर (मालपोत) | | ९ | ४० |
| | मनोरञ्जन कर | | | १५ |
| | जडिवुटी कवाडी र जीव जन्तु कर | | | ५०० |
| | अन्य | | | |
| | | | | |
| | **राजस्व बाँडफाँडः** | | | |
| | राजस्व बाँडफाँड प्राप्ति (+) | | | |
| | राजस्व बाँडफाँड हस्तान्तरण (-) | | | |
| | | | | |
| | **अन्य आयः** | | | |
| | साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | |
| | बेरुजु असुली | | | |
| | गत वर्षको नगद मौज्दात | | | ५३०० |
| | | | | |
| **अन्तर सरकारी वितीय हस्तान्तरणः** | | | | |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | | |
| | वितीय समानीकरण अनुदान | | १६५२६ | १००००० |

| | | | | |
|---|---|---|---|---|
| | सशर्त अनुदान | | | ४२५९२ |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | सामाजिक सुरक्षा | | ३५३२८ | ४०२३ |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरण अनुदान | | | |
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | | | | |
| | **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | | | |
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | | | | |
| **जनसहभागिताः** | | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |
| | जम्मा कुल अनुमानित अय | | ५१८७३ | **१५३०४०** |

# व्यय अनुमान

## आ.व.२०७४/७५

रकम रु हजारमा

| शीर्षक | | आ.व.२०७२/७३ को यथार्थ | आ.व.२०७३/७४ को संशोधित अनुमान | आ.व.२०७४/७५ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| **क) चालु खर्च** | | | | | | | | | | |
| १ | पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | | | २१६० | ११२५ | १०३५ | | | | |
| २ | तलव | | | ४०५४० | | ४०५४० | | | | |
| ३ | स्थानीय भत्ता | | | ५६६८ | | ५६६८ | | | | |
| ४ | महंगी भत्ता | | | १५२४ | | १५२४ | | | | |
| ५ | चाडवाड खर्च | | | ३२०५ | | ३२०५ | | | | |
| ६ | पोषाक | | | १८९८ | | १८९८ | | | | |
| ७ | फिल्ड भत्ता | | | ११० | | ११० | | | | |
| ८ | अन्य भत्ता | | | २७५८ | | २७५८ | | | | |
| ९ | ईन्धन | | | ३८४ | | ३८४ | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | अन्य ईन्धन | | | २२० | | २२० | | | | | |
| ११ | सञ्चार | | | ६३२ | | ६३२ | | | | | |
| १२ | धारा विजुली तथा पानी | | | ३०० | | ३०० | | | | | |
| १३ | भाडा तथा ढुवानी | | | ४१० | | ४१० | | | | | |
| १४ | कार्यालय सञ्चालन सम्बन्धी खर्च | | | २९१६ | | २९१६ | | | | | |
| १५ | सञ्चालन तथा मर्मत सम्भार खर्च | | | ६०० | | ६०० | | | | | |
| १६ | कार्यक्रम खर्च | | | ७९७१ | | ७९७१ | | | | | |
| १७ | परामर्श तथा अन्य सेवा शुल्क | | | ४२०९ | | ४२०९ | | | | | |
| १८ | अनुगमन, मुल्याङ्कन र भ्रमण खर्च | | | १५८२ | | १५८२ | | | | | |
| १९ | सरुवा भ्रमण खर्च | | | ५० | | ५० | | | | | |
| २० | कर्मचारी कल्यणकोष | | | ९२ | | ९२ | | | | | |
| २१ | भैपरी आउने जगेडा कोष | | | ३९५३ | | ३९५३ | | | | | |
| २२ | विविध खर्च | | | ११३० | | ११३० | | | | | |
| २३ | सामाजिक सुरक्षा भत्ता | | | ४०२३ | | ४०२३ | | | | | |
| | **जम्मा (क)** | | | **८६३३५** | **११२५** | **८६३३५** | | | | | |

| शीर्षक | | आ.व.२०७२/७३ को यथार्थ | आ.व.२०७३/७४ को संशोधित अनुमान | आ.व.२०७४/७५ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| **ख) पूँजिगत खर्च** | | | | | | | | | | |
| १ | जग्गा खरिद | | | | | | | | | |
| २ | भवन निर्माण/खरिद | | | १२१८० | | १२१८० | | | | |
| ३ | फर्निचर | | | २१५० | | २१५० | | | | |
| ४ | सवारी साधन | | | २४०० | | २४०० | | | | |
| ५ | मेशिनरी औजार | | | १४०० | | १४०० | | | | |
| ६ | सार्वजनिक निर्माण | | | ४७४४५ | | ४७४४५ | | | | |
| ७ | पूँजिगत अनुसन्धान तथा परामर्श | | | ११३० | | ११३० | | | | |
| | **जम्मा (ख)** | | | **६६७०५** | | **६६७०५** | | | | |
| | **जम्मा (क+ख)** | | | **१५३०४०** | | **१५३०४०** | | | | |

**आदरणीय महानुभावहरू**

प्रस्तुत नीति, योजना र बजेट कार्यक्रम तर्जुमा गर्ने क्रममा प्राप्त मार्गदर्शन, सल्लाह,

सुझाव र प्रेरणाका लागि गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, राजस्व परामर्श समितिका सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका सदस्यज्यूहरु, वजेट तथा कार्यक्रम समितिका सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**श्रद्धेय महानुभावहरु,**

योजना तर्जुमा र बजेटको विनियोजनले मात्रै अपेक्षित नतिजा हासिल गर्न सकिँदैन, त्यसको लागि प्रभावकारी कार्यान्वयन र अनुगमनको आवश्यकता पर्दछ । यस क्रममा सवै राजनैतिक दल, नागरिक समाज, सरकारी कार्यालय, गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, निर्माण व्यवसायी, उद्योगी व्यापारी, समाजसेवी तथा आम कर्मचारीवर्ग सहित सबै गाउँवासी दाजुभाइ दिदीबहिनीहरुको साझा प्रयास र प्रतिवद्धता आवश्यक पर्दछ । सम्बन्धित सरोकारवालाहरुबाट सदा झै सहयोग प्राप्त भइरहने आशा एवं विश्वास लिएको छु ।

**अन्त्यमा,**

अति व्यस्त सयमका वावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी नाशोङ गाउँपालिकाको पहिलो गाउँसभाको समुद्घाटन समारोहमा पाल्नुभएका प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण अतिथि गण प्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु ।

साथै यो नीति योजना तथा कार्यक्रम तर्जुमाको क्रममा अहोरात्र खट्ने कार्यालयका कर्मचारी

मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ! नमस्कार !**